विधेयक संख्याः

मिति:

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक

२०८३

कोशी प्रदेश सभा सचिवालय

विराटनगर।

उद्देश्य र कारण

प्रदेशको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बजेट तर्जुमादेखि कार्यान्वयन र लेखापरीक्षणसम्मका व्यावहारिक असहजतालाई सम्बोधन गर्ने, बजेट प्रणाली बाहिरका (एक्स्ट्रा बजेटरी) सार्वजनिक निकायलाई स्पष्ट परिभाषित गर्ने, बहुवर्षीय दायित्व सिर्जना गर्ने कार्यलाई नियन्त्रण गर्ने, स्थानीय तहमा हस्तान्तरण भई खर्च नभएको बजेट सोही आर्थिक वर्षभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गराउने, बेरुजु फस्र्यौट, सम्परीक्षण र लगत कट्टा गर्ने प्रक्रियालाई प्रभावकारी बनाउने, प्रत्यायोजित विधायन सम्बन्धी व्यवस्थालाई स्पष्ट गर्ने समेतका कार्यका लागि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न आवश्यक भएको हुँदा यस मन्त्रालयले कोशी प्रदेश सभामा प्रस्तुत गर्ने स्वीकृतिको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक**लाई सरकारी विधेयकको रूपमा प्रदेश सभामा पेश गर्न परेको हो।

विदुर कुमार लिंथेप
आर्थिक मामिला तथा योजना मन्त्री

आर्थिक टिप्पणी

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ कार्यान्वयनमा रहेको र उक्त ऐन बमोजिम सिर्जना हुने आर्थिक दायित्वका पक्षहरु सालबसाली बजेटमा नै विनियोजन गरी व्यवस्थित गरिएकाले प्रस्तावित संशोधनका प्रावधानको कार्यान्वयनबाट प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिँदैन।

विदुर कुमार लिंथेप
आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

दफा	प्रत्यायोजित व्यवस्थापन	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
दफा १२ को उपदफा (४)	स्रोत सहमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने।	बहुवर्षीय आयोजनाको लागि स्रोत सहमति प्रदान गर्न आवश्यक मापदण्ड बनाउन सकिने।	बहुवर्षीय आयोजना कार्यान्वयनमा सहजता हुने।
दफा १२ को उपदफा (४)	कार्यक्रम संशोधन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने।	सामान्य त्रुटीका कारण आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न समस्या भए उक्त त्रुटी सच्याउन सकिने अवस्था र सोका लागि आवश्यक कागजात तोक्ने।	बजेट विनियोजनका समयमा हुने सामान्य त्रुटी संशोधन हुने।

विदुर कुमार लिंथेप

आर्थिक मामिला तथा योजना मन्त्री

<u>प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना:</u> प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन, २०८३ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २ मा संशोधन:</u>** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थप गरिएको छः

"(ढ१) **"प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबिआईएस)"** भन्नाले बजेट तर्जुमा तथा कार्यान्वयनको लागि नेपाल सरकार अर्थ मन्त्रालयले कार्यान्वयनमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।“

(२) खण्ड (ध) पछि देहायको खण्ड (ध१) थप गरिएको छः-

"(ध१) **"बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी)को सार्वजनिक निकाय"** भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम गठन भएको नेपाल सरकार वा प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने वा प्रचलित कानून बमोजिम तोकिएको जिम्मेवारी पुरा गर्न स्थापना भएको आयोग, परिषद, प्राधिकरण, विश्वविद्यालय, बोर्ड, कोष, समिति वा यस्तै प्रकृतिका सार्वजनिक निकाय सम्झनु पर्छ।"

(३) खण्ड (स) मा रहेको “फर्स्योट सम्बन्धी कार्यलाई” भन्ने शब्दहरुको सट्टा “फर्स्योट तथा लगत कट्टा गर्ने कार्यलाई” भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>**: मूल ऐनको दफा ३ को उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएका छन्:-

“(४क) प्रदेश सञ्चित कोषको सन्तुलनको लागि प्रचलित कानून बमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पुरै वा आंशिक रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्न सक्नेछ। त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नेछ।

(४ख) उपदफा (४क) बमोजिम बाहेकको अन्य सरकारी कोषको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयले अद्यावधिक गर्नु पर्नेछ। त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखेमा प्रदेश सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ।"

४. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>**: मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा ७ बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका र आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको चैत्र बाइस गते भित्र सम्बन्धित मन्त्रालय, अन्य निकायमा पठाउनु पर्नेछ।

तर संघबाट अनुदान तथा राजस्व बाँडफाँडको सीमा तोकिएको समयभन्दा ढिला प्राप्त भई चैत्र पन्ध्र गते सम्ममा स्रोत अनुमान गर्न नसकिने अवस्था भएमा स्रोत अनुमान र खर्चको सीमा निर्धारण भएको मितिले सात दिनभित्रमा बजेट सीमा र मार्गदर्शन प्रदान गर्न बाधा पर्ने छैन।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको बजेट तर्जुमा ढाँचाको निर्माण गर्दा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन पठाउँदा" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेका "निर्धारित ढाँचामा" भन्ने शब्दहरुको सट्टा "प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबिआईएस) मा" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) यस दफा बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा मन्त्रालय तथा अन्य निकायबाट प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रुप दिन सक्नेछ। प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रुपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।"

७. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (२) मा रहेका "कुनैपनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी" भन्ने शब्दहरुको सट्टा "कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का सार्वजनिक निकायले प्रदेश सरकारलाई आर्थिक दायित्व सिर्जना हुने गरी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) मन्त्रालय तथा अन्य निकायले क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी दफा २६ को उपदफा (४) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही आगामी वर्षको बजेट सीमाभित्र सिर्जित दायित्व व्यवस्थापन गर्न सकिने पुष्टयाईं सहित

प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा वहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्न सक्नेछ।

(२ख) उपदफा (२क) बमोजिम प्रस्ताव प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत परिचालन तथा सञ्चित कोषको अवस्था र स्रोतको उपलब्धता समेतको आधारमा स्रोत सहमति दिन सक्नेछ।"

(३) उपदफा (४) मा रहेको "व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन" भन्ने शब्दहरुको सट्टा "व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व, प्रतिबद्धता व्यवस्थापन र स्रोत सहमति" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम आयोजनाको वर्गीकरण गर्दा आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारको रुपमा लिनु पर्नेछ। प्रत्येक आर्थिक वर्षको लागि आयोजनाको कुल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनु अगावै निर्धारण गर्नु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को,-

(१) दफा शीर्षकमा रहेका "रकमान्तर तथा स्रोतान्तर" भन्ने शब्दहरुको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (४क), (४ख) र (४ग) थपिएका छन्;-

"(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ।

(४ख) आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नु पर्ने भएमा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी मन्त्रालय तथा अन्य निकायबाट अनुरोध भई मन्त्रालयले त्यस्तो आयोजनाको लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्नेछ।

(४ग) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् व्यवस्थापनमा खर्च गर्नु पर्ने भई तत्काल स्रोत व्यवस्था गर्नु पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले कुल वार्षिक बजेटको सीमाभित्र रही मन्त्रालय वा अन्य निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।"

(३) उपदफा (५) मा रहेका "रकमान्तर तथा स्रोतान्तर सम्बन्धी" भन्ने शब्दहरूको सट्टा "रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी" भन्ने शब्दहरू राखिएका छन्।

१०. **<u>मूल ऐनमा दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को,-

(१) उपदफा (२) मा रहेका "पहिलो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "असोज मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "दोस्रो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "फागुन मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) मा रहेका "आर्थिक वर्षको दोस्रो चौमासिकसम्म" भन्ने शब्दहरूको सट्टा "फागुन मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन्।

११. **<u>मूल ऐनमा दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छः-

"२४. **<u>वित्तीय हस्तान्तरणः</u>** (१) प्रचलित कानून बमोजिम विभाज्य कोषबाट राजस्व बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई गरिने अनुदान रकमको हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम सशर्त, समपूरक वा विशेष अनुदान बापत स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम सोही आर्थिक वर्ष भित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।"

१२. **<u>मूल ऐनमा दफा २७ मा संशोधनः</u>** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (५) को पछि देहायको उपदफा (६) र (७) थपिएको छः-

“(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्र बजेटरी) को सार्वजनिक निकायले महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम लेखा राख्नु पर्नेछ।

(७) कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्र बजेटरी) को सार्वजनिक निकायको खाता महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम सञ्चालन गर्नु पर्नेछ।”

१३. **<u>मूल ऐनमा दफा ३१ मा संशोधनः</u>** मूल ऐनको दफा ३१ को उपदफा (२) मा रहेका “मातहत कार्यालय” भन्ने शब्दहरु पछि “र बजेट प्रणाली बाहिर(एक्स्ट्र बजेटरी) को सार्वजनिक निकाय” भन्ने शब्दहरु थपिएका छन्।

१४. **<u>मूल ऐनमा दफा ३९ मा संशोधनः</u>** मूल ऐनको दफा ३९ को उपदफा (३) पछी देहायको उपदफा (३क) र (३ख) थपिएका छन्:-

"(३क) महालेखा परीक्षकको कार्यालयले कार्यालयगत, मन्त्रालयगत र अन्य निकायगत बेरुजुको छुट्टाछुट्टै लगत राखी सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।

(३ख) कार्यालयले आफ्नो कार्यालयको बेरुजु लगत र महालेखा परीक्षकको कार्यालयको बेरुजुको लगत वार्षिक रुपमा रुजु गरी राख्नु पर्नेछ।"

१५. **<u>मूल ऐनमा दफा ४१ मा संशोधनः</u>** मूल ऐनको दफा ४१ को,-

(१) दफा शीर्षकमा रहेका "बेरुजु फस्यौंट तथा फरफारख" भन्ने शब्दहरूको सट्टा “बेरुजु फस्यौंट, सम्परीक्षण तथा फरफारख" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु वा दफा ४२ को उपदफा (१) बमोजिम छलफल हुने बेरुजु असुल, नियमित वा प्रमाण पेश गरी फस्यौंट तथा फरफारख गर्ने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) दफा ४२ को उपदफा (१) बमोजिम वार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजुमध्ये असुल गर्नु पर्ने भनी औंल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नु पर्नेमा सो पेश भई आएको वा पेश्की रकम फस्यौंट भई प्रमाण पेश हुन आएको वा लेखा उत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु रकम सम्परीक्षणको लागि अधिकारप्राप्त अधिकारीबाट फस्यौंट भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नेछ। त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र प्रदेश सभाको सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।"

१६. <u>मूल ऐनमा दफा ६६ मा संशोधनः</u> मूल ऐनको दफा ६६ को,-

(१) उपदफा (२), (३) र (४) को सट्टा देहायको उपदफा (२), (३) र (४) राखिएका छन्ः-

“(२) यस ऐन तथा उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन तर्जुमा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम बनाएको कार्यविधि, निर्देशिका, मापदण्ड वा दिग्दर्शन प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय वा अन्य निकायले आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

तर त्यस्तो कार्यविधि बनाउँदा थप आर्थिक दायित्व सिर्जना हुने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ।"

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयकको तीनमहले विवरण

संशोधित दफा	साविकको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नुपर्ने कारण
दफा २ को खण्ड (ढ) पछि (ढ१) र खण्ड (ध) पछि (ध१) थप	साविकमा नभएको	(ढ१) "प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबिआईएस)" भन्नाले बजेट तर्जुमा तथा कार्यान्वयनको लागि अर्थ मन्त्रालयले कार्यान्वयनमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।" (ध१) "बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी)को सार्वजनिक निकाय" भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम गठन भएको नेपाल सरकार वा प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने वा प्रचलित कानून बमोजिम तोकिएको जिम्मेवारी पुरा गर्न स्थापना भएको आयोग, परिषद, प्राधिकरण, बोर्ड, कोष, समिति वा यस्तै प्रकृतिका सार्वजनिक निकाय सम्झनु पर्छ।"	मूल ऐनमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली र बजेट प्रणाली बाहिरको सार्वजनिक निकायको परिभाषित नगरिएकोले त्यस्तो परिभाषा थप गर्न आवश्यक भएकाले।
दफा २ को खण्ड (स) मा संशोधन	(स) "सम्परिक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएको स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने **फस्यौंट सम्बन्धी कार्यलाई** सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फस्यौंट समेतलाई जनाउँछ।	(स) "सम्परिक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएको स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने **फस्यौंट तथा लगत कट्टा गर्ने कार्यलाई** सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाको सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने फस्यौंट समेतलाई जनाउँछ।	सम्परिक्षणको परिभाषामा लगत कट्टा सम्बन्धी कार्यलाई समेत समेट्नु पर्ने भएकाले।
दफा ३ को उपदफा (४) पछि उपदफा (४क) र (४ख)		(४क) प्रदेश सञ्चित कोषको सन्तुलनको लागि प्रचलित कानून बमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पुरै वा आंशिक रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्न	कोष सन्तुलन राख्न आवश्यक व्यवस्था गर्नुपर्ने भएकाले।

थप	साविकमा नभएको	सक्नेछ। त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नेछ। (४ख) उपदफा (४क) बमोजिम बाहेकको अन्य सरकारी कोषको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयले अद्यावधिक गर्नु पर्नेछ। त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखेमा प्रदेश सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ।	
दफा ८ को उपदफा (१) मा संशोधन	(१) आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा ७ बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको चैत्र बाइस गते भित्र सम्बन्धित मन्त्रालय, अन्य निकायमा पठाउनु पर्नेछ। तर संघबाट अनुदान तथा राजस्व बाँडफाँडको सीमा तोकिएको समयभन्दा ढिला प्राप्त भई चैत्र पन्ध्र गते सम्ममा स्रोत अनुमान गर्न नसकिने अवस्था भएमा स्रोत अनुमान र खर्चको सीमा निर्धारण भएको मितिले सात दिनभित्रमा बजेट सीमा र मार्गदर्शन प्रदान गर्न बाधा पर्ने छैन।	(१) आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा ७ बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका **र आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम** समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको चैत्र बाइस गते भित्र सम्बन्धित मन्त्रालय, अन्य निकायमा पठाउनु पर्नेछ। तर संघबाट अनुदान तथा राजस्व बाँडफाँडको सीमा तोकिएको समयभन्दा ढिला प्राप्त भई चैत्र पन्ध्र गते सम्ममा स्रोत अनुमान गर्न नसकिने अवस्था भएमा स्रोत अनुमान र खर्चको सीमा निर्धारण भएको मितिले सात दिनभित्रमा बजेट सीमा र मार्गदर्शन प्रदान गर्न बाधा पर्ने छैन।	बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनमा आयोजनाको स्रोत सुनिश्चितता सम्बन्धि विषय समावेश गर्न आवश्यक भएकाले।

दफा ८ को उपदफा (२) मा संशोधन	(२) उपदफा (१) बमोजिमको **बजेट तर्जुमा ढाँचाको निर्माण गर्दा** सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजना वा कार्यक्रमसँग सम्बन्धित वैदेशिक अनुदान तथा सहायता रकम र प्रस्तावित बजेटको पुष्ट्याईंका लागि सम्बन्धित खर्च शीर्षकको लागि तोकिएको खर्चको मापदण्ड (नर्म्स) को आधारमा आवश्यक सम्पूर्ण विवरण उल्लेख गर्न पर्नेछ।	(२) उपदफा (१) बमोजिम **आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन पठाउँदा** सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजना वा कार्यक्रमसँग सम्बन्धित वैदेशिक अनुदान तथा सहायता रकम र प्रस्तावित बजेटको पुष्ट्याईंका लागि सम्बन्धित खर्च शीर्षकको लागि तोकिएको खर्चको मापदण्ड (नर्म्स) को आधारमा आवश्यक सम्पूर्ण विवरण उल्लेख गर्न पर्नेछ।	उपदफा (१) मा संशोधन भएको र सोही अनुसार मिलाउन आवश्यक भएकाले।
दफा ९ को उपदफा (१) मा संशोधन	(१)लेखा उत्तरदायी अधिकृतले दफा ८ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही **निर्धारित ढाँचामा** आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।	(१) लेखा उत्तरदायी अधिकृतले दफा ८ बमोजिम प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही **प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबिआईएस) मा** आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।	निर्धारित ढाँचामा भन्ने शब्दहरु अस्पष्ट भएकोले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था गर्ने आवश्यक भएको।
दफा १० को उपदफा (३) मा संशोधन	(२) यस दफा बमोजिम बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नु पर्नेछ।	(३) यस दफा बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा मन्त्रालय तथा अन्य निकायबाट प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रुप दिन सक्नेछ। प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रुपमा थपघट वा परिमार्जन भएमा सोको	विनियोजन सम्बन्धी व्यवस्थालाई थप प्रष्ट गर्न आवश्यक भएकाले।

		जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।	
दफा १२ को उपदफा (२) मा संशोधन	(२) आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति वेगर **कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी** खर्चको प्रतिवद्धता जनाउनु हुँदैन।	(२) आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति वेगर **कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का सार्वजनिक निकायले प्रदेश सरकारलाई आर्थिक दायित्व सिर्जना हुने गरी** खर्चको प्रतिवद्धता जनाउनु हुँदैन।	कुनै कार्यालय र बजेट प्रणाली बाहिरका सार्वजनिक निकायले दायित्व सिर्जना गर्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक भएकाले।
दफा १२ मा उपदफा (२) पछि उपदफा (२क) र (२ख) थप	साविकमा नभएको।	(२क) मन्त्रालय तथा अन्य निकायले क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी दफा २६ को उपदफा (४) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही आगामी वर्षको बजेट सीमाभित्र सिर्जित दायित्व व्यवस्थापन गर्न सकिने पुष्ट्याईं सहित प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा वहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्न सक्नेछ। (२ख) उपदफा (२क) बमोजिम प्रस्ताव प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत परिचालन तथा सञ्चित कोषको अवस्था र स्रोतको उपलब्धता समेतको आधारमा स्रोत सहमति दिन सक्नेछ।	वहुवर्षीय आयोजनाको स्रोत सहमति लिने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकाले।
दफा १२ को उपदफा (४) मा संशोधन	(४) प्रदेश सरकारले व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व र प्रतिबद्धता व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	(४) प्रदेश सरकारले व्यहोर्नु पर्ने सम्भावित आर्थिक दायित्व, प्रतिबद्धता व्यवस्थापन र स्रोत सहमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	स्रोत सहमति लिनुपर्ने व्यवस्थालाई स्पष्ट गर्न आवश्यक भएकाले।
दफा १९ मा उपदफा (१क) थप	साविकमा नभएको।	(१क) उपदफा (१) बमोजिम आयोजनाको वर्गीकरण गर्दा आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारको रुपमा लिनु पर्नेछ। प्रत्येक आर्थिक वर्षको लागि आयोजनाको कुल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनु अगावै निर्धारण गर्नु पर्नेछ।	आयोजना वर्गीकरण सम्बन्धी विषयलाई व्यवस्थित गर्न आवश्यक भएकाले।
दफा २२ को दफा शीर्षकमा	<u>रकमान्तर तथा स्रोतान्तर</u>	<u>रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन</u>	कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समेत समावेश

संशोधन			गर्न आवश्यक भएकाले।
दफा २२ को उपदफा (४) पछि उपदफा (४क), (४ख) र (४ग) थप	सावकिमा नभएको।	(४क) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ। (४ख) आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नु पर्ने भएमा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी मन्त्रालय तथा अन्य निकायबाट अनुरोध भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो आयोजनाको लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्नेछ। (४ग) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् व्यवस्थापनमा खर्च गर्नु पर्ने भई तत्काल स्रोत व्यवस्था गर्नु पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले कुल वार्षिक बजेटको सीमाभित्र रही मन्त्रालय वा अन्य निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।	बजेट कार्यान्वयनमा देखिएको असहजता कम गर्न आवश्यक भएकाले।
दफा २२ को उपदफा (५) मा संशोधन	(५) बजेट **रकमान्तर तथा स्रोतान्तर** सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	(५) बजेट **रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन** सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई समावेश गर्न आवश्यक भएकाले।
दफा २३ को उपदफा (२) मा संशोधन	(२) प्रदेश विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्तर्गतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको **पहिलो चौमासिकसम्म** विभाजन नगरेमा	(२) प्रदेश विनियोजन ऐनमा विभिन्न निकाय तथा अन्तर्गतको कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको **असोज मसान्तसम्म** विभाजन नगरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख सक्नेछ।	विनियोजन भएको रकम विभाजन गर्ने समयावधि परिमार्जन गर्न आवश्यक भएकाले।

	आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख सक्नेछ।		
दफा २३ को उपदफा (३) मा संशोधन	(३) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको **दोस्रो चौमासिकसम्म** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।	(३) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको **फागुन मसान्तसम्म** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।	बजेट समर्पण सम्बन्धी समयसीमा मिलाउन आवश्यक भएकाले।
दफा २३ को उपदफा (४) मा संशोधन	(४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटवारीबाट विभाजन नभएको वा आर्थिक वर्षको **दोस्रो चौमासिकसम्म** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पण गर्न लगाउँनेछ।	(४) उपदफा (२) वा (३) बमोजिम समर्पण नभएको तर खर्चको फाँटवारीबाट विभाजन नभएको वा आर्थिक वर्षको **फागुन मसान्तसम्म** खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राखी समर्पण गर्न लगाउँनेछ।	बजेट समर्पण सम्बन्धी समयसीमा मिलाउन आवश्यक भएकाले।
दफा २४ मा संशोधन	२४. **<u>वित्तीय हस्तान्तरणः</u>** (१) प्रचलित कानून बमोजिम विभाज्य कोषबाट राजस्व बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र प्रदेश सञ्चित कोषबाट अनुदान रकमको हस्तान्तरण आर्थिक	२४. **<u>वित्तीय हस्तान्तरणः</u>** (१) प्रचलित कानून बमोजिम विभाज्य कोषबाट राजस्व बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई गरिने अनुदान रकमको हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुनेछ। (२) उपदफा (१) बमोजिम सशर्त, समपूरक वा विशेष अनुदान वापत स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई	स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थालाई स्पष्ट गर्न आवश्यक भएकाले।

	मामिला तथा योजना मन्त्रालयबाट हुनेछ। (२) प्रदेश सञ्चित कोष वा विभाज्य कोषबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	बाँकी भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम सोही आर्थिक वर्षभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।	
दफा २७ को उपदफा (५) पछि उपदफा (६) थप	साविकमा नभएको।	(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम लेखा राख्नु पर्नेछ।	कार्यालय, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको लेखा राख्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकाले।
दफा २७ मा उपदफा (६) पछि उपदफा (७) थप	साविकमा नभएको।	(७) कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको खाता महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम सञ्चालन गर्नु पर्नेछ।	कार्यालय, स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको खाता सञ्चालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकाले।
दफा ३१ को उपदफा (२) मा संशोधन	(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रिय वित्तीय विवरण तयारी गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरिक्षकको कार्यालय समक्ष	(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय **र बजेट प्रणाली बाहिर(एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय** समेतको प्रत्येक आर्थिक वर्षको सम्पुर्ण आय व्ययको केन्द्रिय वित्तीय विवरण तयारी गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरिक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।	बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले समेत प्रतिवेदन गर्नुपर्ने विषय समावशे गर्न आवश्यक भएकाले।

	पेश गर्नु पर्नेछ।		
दफा ३९ मा उपदफा (३क) र (३ख) थप	साविकमा नभएको।	(३क) महालेखा परीक्षकको कार्यालयले कार्यालयगत बेरुजुको छुट्टाछुट्टै लगत राखी सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ। (३ख) कार्यालयले आफ्नो कार्यालयको बेरुजु लगत र महालेखा परीक्षकको कार्यालयको बेरुजुको लगत वार्षिक रुपमा रुजु गरी राख्नु पर्नेछ।	बेरुजु सम्बन्धी थप कानूनी व्यवस्था गर्न आवश्यक भएकाले।
दफा ४१ को दफा शीर्षकमा संशोधन	**४१. <u>बेरुजु फस्यौंट तथा फरफारख</u>**	**४१. <u>बेरुजु फस्यौंट, सम्परीक्षण तथा फरफारख</u>**	बेरुजु फस्यौंट सम्बन्धी कार्यालाई स्पष्ट बनाउन आवश्यक भई दफा शीर्षकको नाम समेत संशोधन गर्नुपर्ने भएकाले।
दफा ४१ को उपदफा (१) मा संशोधन	(१) लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु असुल गरी फस्यौंट तथा नियमित गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।	(१) लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु वा दफा ४२ को उपदफा (१) बमोजिम छलफल हुने बेरुजु असुल, नियमित वा प्रमाण पेश गरी फस्यौंट तथा फरफारख गर्ने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।	बेरुजु फस्यौंट सम्बन्धी विषयलाई स्पष्ट बनाउन आवश्यक भएकाले।
दफा ४१ को उपदफा (४) पछि उपदफा (४क) थप	साविकमा नभएको।	(४क) दफा ४२ को उपदफा (१) बमोजिम वार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजुमध्ये असुल गर्नु पर्ने भनी औंल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नु पर्नेमा सो पेश भई आएको वा पेश्की रकम फस्यौंट भई प्रमाण पेश हुन आएको वा लेखा उत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु रकम सम्परीक्षणको लागि अधिकारप्राप्त अधिकारीबाट फस्यौंट भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नेछ। त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र प्रदेश सभाको सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्नेछ।	बेरुजु फस्यौंट सम्बन्धी कार्यालाई प्रभावकारी बनाउन आवश्यक भएकाले।

दफा ६६ मा संशोधन	(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ। (३) उपदफा (२) बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। (४) स्वीकृत कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन मार्गदर्शन आवश्यक पर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ।	(२) यस ऐन तथा उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्ड बनाउन सक्नेछ। (३) उपदफा (२) बमोजिमको कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। (६) स्वीकृत कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन मार्गदर्शन आवश्यक पर्ने भएमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ। त्यस्तो मार्गदर्शन स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेवसाइटमा राख्नु पर्नेछ। तर त्यस्तो मार्गदर्शन बनाउँदा थप आर्थिक दायित्व सिर्जना हुने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।	प्रत्यायोजित विधायन सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्ने भएकाले